स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टीकी केन्द्रीय सदस्य रेखा थापा पहिलो सन्तानलाई जन्म दिन अमेरिका गएपछि यतिबेला यो चर्चा र बहसको विषय बनिरहेको छ । यसपटक संघीय निर्वाचनमा उम्मेदवार समेत बनिसकेकाले रेखा बच्चा जन्माउनका लागि अमेरिका उड्दा राप्रपामाथि समेत प्रश्न उठेको छ । तर, जोसँग रेखा राप्रपाको अधिवेशनमा महामन्त्री पदमा पराजित भएकी थिइन्, यतिबेला उनै अर्थात् कुन्ती शाही रेखाको बचाउमा उत्रिएकी छन् । उनले व्यक्तिगत कुरालाई राजनीतिकरण गर्नु नहुने बताएकी छन् ।...

**आजको विचार...**



समाजवादका...
(दुई पेजमा)

जगन्नाथ पन्त

सन् २०१२ की मिस नेपाल शुभेक्षा खड्का अभिनेत्रीको रुपमा स्थापित हुन अझै पनि संघर्षरत छिन् । उनले अभिनय गरेका दुईवटा फिल्म ‘रणवीर’ र ‘प्रेमा’ प्रदर्शनमा आइसकेको भए पनि दुवै व्यावसायिक रुपमा सफल भएनन् । उनले अभिनयमा पनि आफ्नो छाप छाड्न सकेकी छैनन् । अब उनले अभिनय गरेको तेस्रो फिल्म ‘चित्रा’ यही पुष २७ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । उनले फिल्ममा आफू ‘ट्विस्ट’ ल्याउने पात्रमा रहेको बताएकी छन् । उनी भन्छिन्, ‘यो एउटा फ्रेस पात्र हो, जसले फिल्ममा रमाइलो ल्याउने काम गर्छ । शुभेक्षा फिल्ममा आफ्नो कामबाट सन्तुष्ट देखिएकी छन् ।



❒ वर्ष २९ ❒ अंक १४६ ❒ २०८० पुस ८ गते आइतबार 24 December 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### उत्तरी भारतमा चीसोसँगै वायु प्रदुषण बढ्यो

(रासस/एएनआई)

**नयाँदिल्ली (भारत),** पुस ७/ भारतको उत्तरी भुभागमा बाक्लो कुहिरो तथा वायु प्रदुषणको प्रभाव बढ्न थालेपछि शनिबार राजधानी नयाँदिल्लीको आकाश र जमिनको दृश्य कमजोर बनेको छ । यहाँको तापक्रममा एक्कासी कमी देखिएको छ । भारतीय मौसम विभागका अनुसार न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस र पालममा १२.२ डिग्री सेल्सियस मापन गरिएको छ । नयाँदिल्लीमा चिसो बढ्दा, न्यानोको लागि आगो बाल्ने र ताप्ने गरेका दृष्यहरू देखिएका छन् । चीसोका कारण विभिन्न ठाउँमा स्थानीयहरू कम्बललगायतका लुगा ओढेर हिँडिरहेको देखिएको छ । साइकल चालक तथा पैदल यात्रामा निस्किएका स्थानीयले शनिबार तापक्रममा उल्लेख्य गिरावट आइ चिसो अत्याधिक बढेको बताएका छन् । स्थानीयले भनेका छन्, ‘चिसो अत्याधिक भएकाले पैदल यात्रा गर्न गाह्रो भइरहेको छ । कुहिरो तथा प्रदूषणले नियमित पैदल यात्रामा समस्या बढेको छ । प्रदुषणका कारण हुने स्वास्थ्य समस्याहरूबाट बच्न मास्क लगाएर बाहिर निस्किरहेका छौं ।’ दिल्लीको समग्र वायु गुणस्तर सूचकाङ्क गुणस्तरीय मौसम पूर्वानुमान तथा अनुसन्धान प्रणाली अनुसार शनिबार बिहान ८.०७ बजे वायुको गुणस्तर ‘निकै खराब’ रेकर्ड गरिएको थियो ।

# संसदमा पहिलो पटक पुगेका गैरेको एक वर्ष

## भन्छन्,‘सिकाई र अभ्यासमै बित्यो’

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस ७/पाल्पा क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य ठाकुर गैरेले संसदको पहिलो एक वर्षे कार्यकालको वार्षिक प्रगति सार्वजनिक गरेका छन् । प्रत्यक्ष निर्वाचन जितेर पहिलो पटक संसद पुगेका गैरेले शनिबार तानसेनमा पत्रकार भेटघाट गरी संसदको अनुभवसहित वार्षिक प्रगति सार्वजनिक गरेका हुन् ।

एमालेबाट निर्वाचित सांसद गैरेले सांसदलाई प्रभावकारी बनाउन आफूले पनि सांसदको रूपमा पर्याप्त काम गर्न नसकेको स्वीकार गरे । उनले संसद्को एक वर्षमा उपलब्धि कम हुनुमा सरकारको कमजोरीले काम गरेको बताए । उनले उपलब्धिका दृष्टिले संसद्को उपलब्धी कमजोर देखिए पनि अनुभव भने प्रशस्त भएको र त्यसले संसद्को आगामी समयलाई चाहिँ अझ प्रखर, प्रभावकारी, परिणाममुखी र उपलब्धि मूलक बनाउनुपर्ने आत्मा बोध भएको पनि सुनाए । सासंद गैरेले एक बर्षको अवधि सिकाई र अभ्यासमै बितेको बताए ।

संसदको एक बर्षमा संसदीय अभ्यासको अनुभव गरिएको र सिकाईमै एक बर्ष बितेको उनको भनाई छ ।






जन अपेक्षा अनुसार परणाममुखी काम गर्न नसके पनि जनताका जल्दाबल्दा समस्याहरुलाई संसदमा जोड तोडका साथ राखेको सांसद गैरेले बताए । उनले भने,‘संसदीय अभ्यासमा निकै कुरा सिक्न पाइएकाले पहिलो वर्षलाई आफूले सिकाई र अभ्यासको वर्षको रुपमा लिएको छु ।’ केही कामहरु गरेको र गर्ने प्रयासमा रहे पनि आफु त्यत्तिले सन्तुष्ट नरहेको उनको भनाई छ ।

कार्यक्रममा उनले सदन, विकास निर्माण, जनतासँग गरेका काम र अनुभवको एक वर्षको प्रगति सार्वजनिक गरे । सांसद गैरेले संसदीय काम, संसदमा निर्वाचन क्षेत्रको विषयमा उठाएका विषय, संसदमै उठाएका राष्ट्रिय मुद्दा बारे उल्लेख गरेका छन् । निर्वाचन क्षेत्रमा जनतासँग संवाद र पहिलो वर्षमा पूरा भएका र थालनी गरिएका विकास निर्माणका कामबारे पनि उनले बताए । पाल्पाली जनताको अपार माया र सद्भावकै कारण आफू प्रतिनिधि सभा सदस्यमा विजयी हुन सफल भएको बताउँदै सांसद गैरेले पाल्पाली जनताका आवाजलाई सदनमा सशक्त ढंगले उठान गरेको बताए । उनले भने,‘संसदमा एक वर्षको अवधिमा साढे तीन घण्टा बोलेको छु, त्यसमा अधिकासं विषय पाल्पाली जनताका समस्याबारे आवाज बुलन्ध गरेको छु ।’ ९० दिन सदन चलेकोमा शून्य समयबाहेक ३० वटामा आफु उपस्थित रहेको सांसद गैरेले बताए । उनले एक बर्षमा जम्मा एउटा कानुन मात्र पास गर्न सफल भएको बताए । सांसद गैरेले भने,‘मिटर ब्याज सम्बन्धित एउटा मात्र कानुन पारित गर्न सक्यौं, यो बिडम्वना हो ।’ उनले केही विधेयक टेबुल भए पनि पास हुन नसकेको बताए ।

सांसद गैरेले आफुले संसदमा उठाएका केही कुराहरु कार्यान्वयन भएको र केही हुन नसकेको उल्लेख गरे । बुटवल-तानसेनको सडकमा केही सुधार भएको, बेवारिसे अवस्थामा रहेको सालझण्डी सडक खण्डको पिच गर्ने काम भएको, कालिगण्डकी करिडोर अन्र्तगत राम्दी-अर्गली सडक पिच गरिएको, जंगली जनावर बादरबाट क्षति पुगेका किसानलाई केही भए पनि राहत दिलाउन सकेको सांसद गैरेले बताएका छन् । उनले पाल्पामा बन्द रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई पुन: सुचारु गर्न पहल गरेको, बादर नियन्त्रण र ब्यवस्थित गर्ने कुरामा आफुले निरन्तर आवाज उठाई रहेको, आफ्नै सालको काठ काट्दा जेल जान नपर्ने कानुन बनाउन पहल भइरहेको, रिब्दीकोटमा उत्पादित सुन्तला र अकबरे खुर्सनीको व्यवस्थापन गर्न उचित भण्डारणको ब्यवस्थाका लागि आवश्यक पहल गरेको, स्थानीय खरिद ऐन बानाउन पहल भैरहेको, भगवती जात्रालाई राष्ट्रिय पर्वको रुपमा मनाउन र त्यसको उचित संरक्षण गर्न र रानीमहल सडक स्तरनोन्तीको लागि सदनमा कुरा उठाएको समेत सांसद गैरेले बताए । त्यसैगरी उनले निर्वाचन क्षेत्रमा आएर जनताको अत्यावश्यक विकास निर्माणको काममा पहलकदमी लिएको उल्लेख गरेका छन् । खासगरी स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रमा रहेका समस्या र स्थानीय तहले बनाउने बजेटलाई जनतामुखी बनाउन प्रयत्न गरेको पनि सांसद गैरले बताए । कार्यक्रममा पत्रकारहरुले सदनमा बोल्ने मात्र नभई बोलेका कुराहरु कार्यान्वयन गर्ने दिशामा लाग्न सांसद गैरेलाई आग्रह गरे । उनीहरुले संसदमा जनताका आवाजहरुलाई सशक्त ढंगले उठाए पनि सदन अवरोध गर्ने, नारा जुलुस गर्ने जस्ता असभ्य गतिविधि नगर्न सांसद गैरेलाई सुझाव दिए ।

## आगलागीबाट ९ महिने बालिकाको मृत्यु



**पाल्पा,** पुस ७/जिल्लाको निस्दी गाउँपालिका-३, क्याङ्रुङ् गाउँको एक घरमा शनिबार आगलागी हुँदा ९ महिने बालिकाको मृत्यु भएको छ । श्याम बहादुर पल्लीको माटो ढुङ्गाले बनेको फुसले छाएको एकतले कच्ची घरमा आगलागी हुँदा घरमा सुतिरहेकी बालिकाको ज्यान गएको हो ।

बालिकालाई सुताई घरका परिवार नजिकै बारीमा काम गर्न गएको अवस्थामा बालिकाको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । मृतक बालिकाको शव पोष्टमार्टमको लागि रामपुर अस्पतालमा पठाईएको छ । शनिबार सवा १२ बजेतिर खरले छाएको घरमा एक्कासी आगलागी भएको थियो । गोठमा गाईबस्तुलाई कुडो पकाउन सल्काएको आगो सल्किन गई आगलागी भएको प्रहरीले जनाएको छ । आगालागीबाट बालिकाको ज्यान जानुको साथै गोठमा रहेका बाखा, भैसी समेत जलेर मरेका छन् । प्रहरीका अनुसार गोठमा भएका एउटा बाखो र १ वटा भैसी जली मरेका छन् भने १ वटा भैसी आगोले जली घाईते भएको अवस्थामा रहेको छ । आगलागीबाट घर तथा गोठ जली पुर्ण रुपमा नष्ट भएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले जानकारी दिए । घरमा रहेको अन्न, लत्ताकपडा, भाँडाकुँडासहित सबै धनमाल जलेर नष्ट भएको छ । घरमा लागेको आगो स्थानीय र प्रहरी मिलेर नियन्त्रण लिइएको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

## तानसेनमा क्रिसमसको रौनक

**पाल्पा,** पुस ७ /पाल्पाको तानसेनमा क्रिसमसको रौनक छाएको छ । यस वर्ष सोमबार परेको क्रिसमस डे पर्वको अवसर पारेर यहाँका चर्चहरुमा रौनक छाएको हो ।

क्रिसमस डे पर्वको अवसर पारेर तानसेनमा रहेका इसाई धर्मावलम्बीले शनिबार खुसियाली मनाउँदै र्‍याली निकालेका छन् । उनीहरुले तानसेनको टुँडिखेलबाट नगर परिक्रम गर्दै पुन टुँडिखेलमै पुगेर र्‍याली विर्सजन गरेका थिए । इसाई धर्मावलम्बीले खुसियाली, उपहार र शुभकामना साटासाट गरी यो चाड मनाउने गर्दछन् । र्‍यालीमा स-साना बालबालिकादेखि वृद्धहरु समेत उत्साहका साथ सहभागी भएका थिए । उनीहरु गीत गाउँदै, नाच्दै एक आपसमा सुखीयाली साटेको देखिन्थो । सोमबार मनाईने क्रिसमस डेको अवसर पारेर सद्भाव र्‍याली निकालिएको तानसेनस्थित गोसेन चर्चका दिक्कन



थर्कबहादुर बगालेले बताए । उनका अनुसार हरेक वर्ष २५ डिसेम्बरमा येशु खिष्टको जन्मदिनको खुसियाली मनाउने परम्परा अनुसार सद्भावना र्‍याली निकाल्ने गरिएको हो ।

र्‍यालीमा तानसेनका १० वटा चर्चहरुबाट इसाई धर्मावलम्बीहरुको व्यापक सहभागीता रहेको धन्यवाद सामुदायिक चर्चका एल्डर मिनबहादुर जर्घाले बताए । उनका अनुसार सोमबार क्रिसमस डे पर्वको भव्य तयारी भएको छ । आजभन्दा दुई हजार २२ वर्षअघि डिसेम्बर २५ तारिखका दिन येशु खीष्टको जन्म इजरायलको वेथलेहेममा भएको थियो । पवित्र आत्माबाट गर्भवती भई कुमारी मरियमबाट जन्मिएका येशु खीष्टले तीन मुख्य खुसीयाली दिएका थिए । उनले मुक्ति, प्रेम र शान्ति दिएको विश्वासमा क्रिश्चियन समुदायले यो पर्व मनाउने गर्दछन् । ‘खीष्टमस’ पनि भनिने यस अवसरमा देशभरका चर्चमा प्रार्थनालगायत कार्यक्रम गरी येशु खीष्टको सम्झना गरिँदैछ । क्रिसमस डेमा येशुको शिक्षा एवं उपदेशको मनन गर्नुका साथै प्रेम प्रकट गर्दै, शुभकामना तथा उपहार आदान प्रदान गरिन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विषादी प्रयोगमा सावधानी अपनाऔं

नेपालमा सबैभन्दा बढी तरकारीमा विषादीको प्रयोग हुँदै आएको छ । देशभर व्यावसायिक तरकारी खेतीसँगै रासायनिक विषादीको प्रयोग बढेको हो । विषादीको जथाभावी प्रयोग चाहिं निकै जोखिमपूर्ण र चिन्ताजनक रहेको छ । एकातिर, पर्याप्त सावधानी नअपनाई बालीमा विषादी छर्कदा किसानहरूले विभिन्न स्वास्थ्य समस्या भोगिरहेका छन् भने, अर्कातिर अधिक विषादी प्रयोग गरी फलाइएका, भण्डारण गरिएका र पकाइएका तरकारी/फलफूलमार्फत उपभोक्ताले पनि मन्द रूपमा 'विष' खाइरहेका छन् ।

तरकारी र फलफूल बालीलाई रोगकीराबाट बचाउन गलत तरिकाले जथाभावी विषादी प्रयोग हुँदा मानव स्वास्थ्य र पर्यावरण जोखिममा घातक असर परिरहेको छ । विशेष गरी शहरी क्षेत्रका उपभोक्ताको स्वास्थ्यमा बढी जोखिम थपिएको छ । विषादीका कारण दिनप्रतिदिन मानव स्वास्थ्यमा ठूलो असर पर्दै जाँदा विषादीको मात्रा घटाउन भने सरकारी तहबाट खासै पहल भएको पाइँदैन । थोरै जग्गामा धेरै फलाउने र अधिकतम लाभ लिने अभिप्रायले किसानहरूले विषादीको जथाभावी प्रयोग गरिरहेकै छन् । किसानहरूले उत्पादन बढाउनका लागि विषादी प्रयोग बढी गर्दछन् । विषादीको प्रयोगले केही कीराहरू मारेर बाली त बचाइएला, तर आफूले आफैंलाई मारिरहेको यथार्थ नकार्न भने सकिँदैन । यसको असर परागसेचन गर्ने तथा अन्य फाइदाजनक कीराहरू, पशुपन्छी, माटो, मानिस र समग्र वातावरणमा नै पर्ने गर्दछ । विषादी छरेको केही दिनसम्म तरकारी टिप्न नहुने भए पनि सबै किसानले यो नियम पालना गर्दैनन् । बजारमा माग बढी र आपूर्ति कम भएकै बेला आफ्नो उत्पादन बिक्री गर्न सकेमा धेरै पैसा पाइने लोभले कतिपय किसानले जानीजानी उपभोक्तासम्म विष पुर्‍याइरहेका छन् । यसो गर्नु गलत हो । मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याइरहेको विषादी प्रयोगमा भइरहेको यो लापरवाही रोकिनुपर्छ । यसर्थ सरकारले किसानका लागि विषादी प्रयोगको विकल्प दिनुपर्छ र किसान, उपभोक्ता स्वयमले पनि विषादी प्रयोगप्रति सावधानी अपनाउनुपर्छ ।

## Opinion @ Social Network

खुल्ला मनले बोल्ने बानि छ, त्यसैले धेरै दोस पाउने गर्छु येदि सत्यता लुकाएर बोलेको भए सायेद धेरैको प्यारो हुन्थे होला ।

*(सानु देवकोटाको फेसबुक स्टाटसबाट www.facebook.com/sonu.ji.148553)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजवादका लागि गणतन्त्रको लोकतान्त्रिकरण अपरिहार्य



**जगन्नाथ पन्त**

प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र पर्यायवाची शब्द हुन । अंग्रेजीमा डेमोक्रेसी र रिपब्लिक जस्तै । जनताद्वारा चुनिएका प्रतिनिधिमार्फत शासन गर्ने व्यवस्था लोकतन्त्र वा गणतन्त्र हो । बहुसंख्याक जनताद्वारा छानिएका प्रतिनिधिहरुको सहमति अनुसार कुनै देशको शासन व्यवस्था चल्ने र नीति निर्धारण हुने शासन प्रणाली लोकतन्त्र वा गणतन्त्रमा हुन्छ । शासन पद्धतिलाई लोकतन्त्रको रुप दिने वा त्यस अनुरुप बनाउने काम लोकतान्त्रिकरण हो । लोकतन्त्रका मूल्य र मान्यता अनुसार शासन सञ्चालन भए मात्र लोकतन्त्र रहेको मानिन्छ । लोकतन्त्रका मानक , पद्धति अनुसार जनताद्वारा निर्वाचित प्रतिनिधि र तिनीहरुले गठन गर्ने कार्यपालिका, व्यवस्थापिका अनि न्यायपालिका र अन्तर्गतका संरचनाले प्रभावकारी रुपमा कार्य गरे लोकतन्त्र भयो अन्यथा लोकतन्त्र भएन । लोकतन्त्रको लोकतान्त्रिकरण विना गणतन्त्र बलियो हुँदैन । समाजवादी गणतन्त्रमा सबै अटाउने उदार (लिवरल) राजनीतिक व्यवस्था र सरकारको नियमन दायरा भित्र चल्ने अर्थ प्रणाली हुनु पर्दछ । निजी क्षेत्रको स्वायत्वता हुन्छ तर मोनोपली हुँदैन । सरकारले मात्र पूर्ण पूँजी नियन्त्रण गर्दैन । समाजका तल्लो भन्दा तल्लो वर्गले समुन्नत हुने अवसर पाउन सक्दछन् । धनी र गरिब बीचको ठूला खाडल हुँदैन । नीजि क्षेत्र अर्थात् उद्ययोगी र व्यापारी पूजीवादमा जस्तै ग्राहकप्रति निर्दयी हुन पाउँदैनन् । किसानले उत्पादनको मूल्य र श्रमिकले श्रमको उचित मूल्य पाउछन् । कामको आधारमा ठूलो सानोको भेदभाव हुँदैन । विचौलियाको चलखेल हुँदैन । दलाल पूजीवाद र साम्यवाद भन्दा लोकतान्त्रिक समाजवाद उन्नत व्यवस्था हो । कार्यान्वयन सम्भव पनि हो । साम्यवाद जस्तो असम्भव पनि होइन । 'लोकतान्त्रिकरणका लागि लोकतन्त्र अनुरुपका पद्धति, संरचना, नीति, कानून र कार्यान्वयनको विधि, प्रक्रिया र नतिजा मुलक संयन्त्र अपरिहार्य हुन्छ ।' यहि संयन्त्रको समुचित अभाव नै हाम्रो कठिनाइ वा कमजोरी रहेको छ । जसले गर्दा सबै जनताले लोकतन्त्रको अनुभूति गर्न सकिरहेको अवस्था छैन् ।नेपालको संविधानको प्रस्तावनामा नेपालको शासन व्यवस्थाका पृष्टभूमि, कसको लागि र कस्तो हुने भनि लेखिएको छ । आर्थिक समानता, समृद्धि, सामाजिक न्याय, समावेशी, सहभागिता र समतामूलक समाजको निर्माण, लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहि, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको ढांचामा सार्वभौम सत्ता सम्पन्न नेपाली जनताले संविधान जारी गर्दछौ भनिएको छ । प्रस्तावना संविधानको ऐना हो । प्रस्तावनाले नेपाललाई राजनीतिक, आर्थिक, सामाजिक, न्यायिक, समावेशी र समतामूलक प्रबन्धको प्रत्याभूति सहितको शासकीय व्यवस्था हुने संकल्प गरेको छ । संविधान जारी भएको आठ वर्षमै सबै संकल्प पुरा भएनन् भनेर आत्तिनु, गरिऊ भनेर मात्तिनु, व्यवस्था नै फेरौं भन्नु सुहाउने विषय होइन, के कारणले लोकतन्त्रको मूल्य मान्यता अनुरुप कुशलतापूर्वक शासन चलाउन बाधा देखिएका छन्, त्यसको निर्मम समीक्षा गरी अगाडि बढ्नु नै बुद्धिमानी हुने छ । उत्पादन बढाउने, रोजगारी सिर्जना, आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न सकिएन भने व्यवस्था जतिसुकै लोकतान्त्रिक भने पनि राष्ट्रियता सवल हुँदैन र हरेक क्षेत्र अस्थिर बनिरहन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र अनुरुपका संरचना र तिनको गठन त भए तर ति संरचना नै बोझिला बने, जनताका आधारभूत सेवाहरुमा दक्ष जनशक्ति र सेवा प्रदान गर्ने निकायको विस्तार र सवलिकरण भन्दा राजनीतिक इकाईहरुमा संख्या बढाउनु समस्याको एउटा कारण हो । संघीय व्यवस्था पनि भन्ने संघीय संसदको आकार ठूलो बनाउने, मन्त्रालय र मन्त्रिपरिषद् ठूलो बनाउने, महाशाखा र विभाग नघटाउने, प्रदेश सभामा प्रतिनिधी र मन्त्रिपरिषद बोझिलो हुनु नै कुशलताका बाधक हुन् । कार्यालय खर्च, सवारी साधन र इन्धन, पदाधिकारी खर्च , प्रदेश सरकारले संघ सरकार सरह मन्त्रालय, जिल्ला जिल्लामा कार्यालय खडा गर्दा चालु खर्च बढेको छ । जनशक्ति छिरलिएका कारण सेवाहरु गुणस्तरिय हुन सकेनन् । स्थानीय तहका विभाग, महाशाखा, शाखाहरु र वडा कार्यालयहरु सबल बनाउनुपर्नेमा प्रदेका संरचना विस्तार गर्नु टाउको दुखेको ओखती नाइटोमा लगाइ भयो । पद्धतिलाई प्रभावकारी बनाउने उचित र सुहाउँदो संयन्त्रले हो । जब सम्म संयन्त्रको बनावट सहि तरकिबको बनाइँदैन तब सुम्म समृद्धि आउने त के गरिबीको दुष्चक्र तोड्न सकिदैन ।

नेपालको समृद्धि, सामाजिक न्याय र समतामूलक समाजको निर्माण गर्न कुनै अम्सभव छैन । हाम्रा संरचनात्मक परिमार्जन गर्नु पहिलो पाइला हो । दोस्रो उचित र उपयुक्त संयन्त्र निर्माण हो । लामो समय चलेको संघीय संसदको अधिवेशनले बजेट पास बाहेक जम्मा एउटा कानून मात्र बनाउनुले जतिसुकै जनतासँग फलानो दल अभियान, रुपान्तरण अभियान, समृद्धिका लागि संकल्प यात्रा । यीनले मात्र खासै केहि हुँदैन । राजनीतिक दलका संगठन केहि दिन सक्रिय बन्लान । त्यही गरेर मात्र लोकतन्त्रको कार्यान्वयनमा कुशलता आउँदैन । स्थानीय तहहरुको पनि अधिकांशको आन्तरिक आय नगन्य छ । यस्तोमा प्रदेश सरकार समन्वय, अनुगमन र सहजीकरणमा बढी र आफै कार्यान्वयनमा कम हुन सके प्रदेशको महिमा बढ्ने थियो । संघीय लोकतान्त्रिक गणतन्त्र संविधान जारी भए पछिका संघीय सबै सरकारले प्रदेशलाई संघकै इकाईका रुपमा व्यवहार गर्न रुचाएका छन् । जसले संविधान निर्माण गरे, तिनैले संघीयताको कार्यान्वयन गरी अधिकार र सोत साधनको पूर्ण निक्षेपण भन्दा केन्द्र नै झन् बलियो बनाउने ध्येय रहेको छ । कूल बजेटको ७० प्रतिशत संघ सरकारकै हिस्सामा रहँदै आएको छ । यस्तोमा प्रदेश र स्थानीय तह कम प्रभाकारी हुने नै भए ।

हाम्रो परम्परा कामलाई भन्दा व्यक्तिलाई चिन्ने छ । नतिजालाई भन्दा प्रक्रियालाई अवलम्वन गर्ने ढांचामा छ । कानून नै प्रक्रियामूखी छ । प्रक्रियागत कानूनको अक्षरस पालना गरेमा गल्ति भएको मानिदैन, नतिजा निकाल्छु भनेर प्रक्रिया मिचियो भने बच्न गाह्रो हुन्छ । त्यसैले नतिजामूखी, उत्पादनमुखी कानून बन्न पर्यो । प्रक्रियालाई नतिजासँग तादात्म्य बनाउनु पर्यो । काम गर्न नसकेमा बाहेक योजना, परियोजना, कार्यालय प्रमुख र साइट इन्चार्जलाई कम्तिमा एक चरणका काम नसक्दासम्म परिवर्तन गर्न भएन । जिल्लाबाट फाइल बोकेर तालुक विभाग, मन्त्रालय र अर्थ मन्त्रालय धाउन नपर्ने संयन्त्र बनाउनुपर्छ । द्वितीय श्रेणी, प्रथम श्रेणीका कार्यालय, परियोजना प्रमुखले प्रेषण गरेका फाइल विभागमा फांट, शाखा प्रमुखले पाना थपेर शुरु टिप्पणी जस्तै उठाउन, विभागीय प्रमुखले लेखिसकेछि फेरि मन्त्रालयमा उहि फांट, शाखा प्रमुख हुँदै पेश हुने परम्परालाई निमिट्यान्य पारेर महाशाखा भन्दा तल जानु नपर्ने तरकिब अपनाउन सके निर्णय प्रक्रिया छोटिएर समय बचत हुने थियो । गर्ने कार्य सम्पादन सम्झौता फेर्ने वर्षमा तिन चार जना कार्यालय प्रमुख । मेरिट नतिजा ल्याउनेलाई कम भूमिकाको ठाउँमा पुर्याउने । यसले के देखाउछ भने कि मूल्याङ्कन यथार्थ हुँदैन अथवा यो कार्य सम्पादन सम्झौता नक्कल मात्र हो । कुनै परियोजना तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न कार्य सम्पादन संझौता उत्तम औजार हो । तर नियमित रुपमा निरन्तर दैनिक एउटै प्रकृतिको परिमाणात्मक लक्ष्य नतोकिएका काम गर्ने विषयमा यस्तो संझौता गर्नु काशी जानु कुतिको बाटो हो । सेवाग्राही जनता कराउन, गुनासा गर्न सक्ने भएकाले प्रत्यक्ष सेवा दिने निकायमा बरु विलम्बताको गुञ्जायिस कम छ तर कर्मचारीनै सेवाग्राही जस्तो हुने गरी तालुक निकायमा धाउनु पर्ने काममा सम्पर्कमा नगएमा फाइल नै हराउन सक्छ । त्यसैले जिल्लाका प्रमुखहरु जिल्लामा आकलझुकल र केन्द्र (अहिले प्रदेशमा पनि) मा बढी बस्छन् । अनि केन्द्रमा ७ दिन लागेको भए अरु ७ दिन त्यहि वहानमा हराउछन् । प्रत्यक्ष सेवा दिने कार्यालयहरुमा यथेष्ट जनशक्ति नहुँदा धेरै जनाले गर्नु पर्नेकाम थोरैले गर्नु पर्दा सेवाग्राहीले पालो कुर्नु पर्छ । ढिला काम गरेको भनेर गाली त्यही कर्मचारीले उल्टै खान्छ । कतिपय सेवाग्राही फर्कने गाडिको टिकट जादा नै काटेका हुन्छन्, अनि गाडि छुट्ने पिरलो, गाडी नपाइने पिरलो हुँदा भनसुन गराउँछन् अफिस नपुग्दै बाटोबाटै । कहिले सर्वर चल्दैन, कहिले सुस्त हुन्छ गति त्यसको अपजसी त्यही बढिभार थाम्ने कर्मचारीको थाप्लोमा जान्छ । हुने काम नगरिदिए भनसुन गरिदिनु, दवाब दिनु स्वभाविक हो । तर नमिल्ने काम भन्ने बुझिनबुझी भनसुन गरिदिने, भनसुन नगरी कामै हुँदैन भन्ने भाष्य बदल्न जरुरी छ । सरकारी अस्पतालका डाक्टर र अन्य स्वास्थ्य कर्मी पनि बिरामीको तुलनामा कम छन्, अनि सेवाको गुणस्तर कम हुन्छ । वडा कार्यालयमा दर्जा पुगेका लेखा, इञ्जिनीयरिङ र प्रशासनिक कर्मचारी छैनन् । कामको मुल्याङ्कन, विल, भूक्तानी लिन पालिका केन्द्र धाउनुपर्छ । यी र यस्तै विषयमा नबुझेको कोहि छैन् तर परिमार्जन गर्ने सोच पलाएको छैन । लोकतन्त्रलाई लोकतान्त्रिकरण गरेर जनमुखी, परिणामुखी, नतिजामुखी बनाउन परिमार्जन जरुरी छ । अहिलेको गणतन्त्रात्मक संविधान नरम संविधान हो । अहिलेको व्यवस्थालाई चिरस्थायी बनाउन कतिपय प्रावधान पुनरावलोकन गर्नु अपरिहार्य छ । बोझिलालाई हलुका र अहिले नहुँदा पनि फरक नपर्ने संरचनालाई खारेजी गर्न उचित हुने जनतालाई लागेको छ । मन्त्रालय र विभागहरुको कटौती गरेर, प्रत्यक्ष सेवा दिने तल्ला निकाय भरिभराउ गर्ने, मन्त्रालयका सचिवालयमा एक जना स्वकीय बाहेक अरु सार्वजनिक सेवाकै जनशक्ति राख्ने गर्न सकिए पनि खर्च हल्का हुन्छ । सचिवालयमा आफन्त राख्दा अनावश्यक लाञ्छना लाग्ने गरेका छन् । मान्छेलाई मात्र चिन्ने र मूल्याङ्कन गर्ने भन्दा कामको आधारमा मान्छे चिनिने संयन्त्र स्थापित गर्नु श्रेयस्कर हुन्छ । सार्वजनिक सेवासँग संबन्धित कानून निर्माणमा विलम्व हुने अनि त्यहि स्थाई सरकारको रुपमा चिनिएको सार्वजनिक सेवाले काम गरेन भनेर कसरी भन्ने । बहुदलीय व्यवस्थाको पुनस्थापना पछि विस्तारै सार्वजनिक सेवाका जनशक्तिमा पदसोपानमा चल्ने भन्दा राजनीतिक पहुंचमा चलखेल गर्ने कारण विकृति मौलाएको छ । राजाले कु गरेको समयमा मन नलागे पनि डरले काम गर्थे । राजनीति बाकसमा ताला लगाएर राखेका पनि थिए । अझ कर्मचारीको सरकार भएको बेला बेथिती कम थियो र अमनचयन बढेको थियो । यसले के देखाउछ भने कर्मचारीतन्त्रलाई आफ्नो वा पराई नगरी खटन पटन गरेमा मनैदेखि काम नगरी सुख पाउँदैन । अलिकति डर पनि हुनु पर्ने रहेछ । सार्वजनिक सेवा र सरकारको नेतृत्व गर्ने बीच कामको संगति मिलाउने वातावरण पनि राजनीतिक नेतृत्वले जुराउन जान्नु पर्दछ । जसरी इन्द्रिय र मनलाइ बुद्धिले निर्देशित गर्दछ र सोही अनुसार शरिरका अंगहरुले काम गर्दछ । हात खुट्टा आफै चल्दैनन । बुद्धिले मनलाई, मनले इन्द्रियलाई र इद्रियले हात खुट्टालाई चल्ने संकेत गर्छ र चल्छन् नि । सिंगो शरिरले काम गर्ने पद्दति जस्तै राज्य सञ्चालनको पनि पद्धति हुन्छ । ताप्के नतताइ वीड तताएर पानी तात्दैन नि । संसार भरि जहाँ जहाँ समृद्धि आयो राजनीतिक नेतृत्वकै संकल्पले हो । बहुदलिय व्यवस्थामा एउटै नेता वा दलले मात्र संकल्प गरेर नपुग्ला । अझ हाम्रो जस्तो कसैको बहुमत अशंभवप्राय निर्वाचन प्रणालीमा एउटाको संकल्पले मात्र हुँदैन । लोकतन्त्रलाई लोकतान्त्रिकरण हुने गरी संयन्त्र स्थापित गर्न मुख्य दलका नेतृत्व एकमत हुन जरुरी छ । जनतालाई सार्वभौमसत्ता सम्पन्न मानेकै हो साच्चिकै भने जनताले के भनिरहेका छन्, के अपेक्षा गरेका छन्, त्यो नजर अन्दाज गर्न भएन । जे गर्न भनेर यो व्यवस्था ल्याइयो, सो मार्गमा चलेको छ, छैन ? यदाकदा किन व्यवस्था विरोधी सलबलाउने कुचेष्टा गर्दछन ? असम्भव आश्वाशनका भ्रमबाट जनता र जनतालाई जे जे भने पनि आफ्नै दलका हुन पत्याउछन् भन्ने भ्रमबाट राजनीतिक नेतृत्व सचेत हुन जरुरी छ । कार्यकर्ताले पत्याउलान् तर जनताले नपत्याउन पनि सक्दछन् । सबै जनता कार्यकर्ता नहोलान पनि । नेतृत्वले जे बोल्छ,त्यही मात्र गर्छ भन्ने हुनु पर्यो । बोल्छ एकथोक गर्छ अर्को थोक भन्ने हुनु भएन । चाहे त्यो सार्वजनिक सेवाको होस् वा राजनीतिक नेतृत्व । विधी पद्धति र संयन्त्र स्थापित भए बुढो वा जवानले फरक पार्ने होइन । विधि, पद्धति , थिती र संयन्त्र स्थापित नभए राम्रो राजनीतिक व्यवस्थाले मात्र आफै केहि गर्दैन । गर्नलाई सरजामहरु तयार गरिनु पर्छ । समय समयमा अर्जाप्न पनि पर्दछ । हाम्रोमा प्रजातन्त्र दिवस, लोकतन्त्र दिवस र गणतन्त्र दिवस तिनवटै छ । तिनतिनवटा उपमा हुँदा पनि शासकीय प्रबन्ध कुलिनतन्त्रको मार्गमा चल्ने पो हो कि ? भन्ने खतराका लक्षणहरु देखिँदै छन्,त्यसको निर्मलिकरण गर्न जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ ।
**वृष** : खानपान तथा फेसनमा धन खर्च बढ्नेछ । कमजोर अनुभूति हुनेछ ।
**मिथुन** : आत्मबलमा वृद्धि र सन्तुष्टि प्राप्त हुनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।
**कर्कट** : आफन्तको सहयोग प्राप्त हुनेछ। आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ।
**सिंह** : स्वादिष्ट भोजन पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ ।
**कन्या** : मन खिन्न हुने स्थिति आउनेछ । अनावश्यक झमेलामा परिएला ।
**तुला** : प्रेमीको सहयोग पाईनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ ।
**वृश्चिक** : प्रतिष्ठित काम गर्ने मौका छ। मन पर्ने वस्त्र उपहार पाइने योग छ ।
**धनु** : जोश जाँगर र हिम्मत वढ्नेछ। मनोरञ्जनमा सहभागी भइएला ।
**मकर** : कार्य सम्पादनमा सहजता मिल्नेछ। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।
**कुम्भ** : ताकेको कार्य पुरा होला । वित्तिय संस्थाबाट सहयोग पाईनेछ ।
**मीन** : कार्यमा संलग्न भइनेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

# कृषि

## सुन्तलाखेतीमा मास्टरसाब : बर्सेनि पाँच लाख कमाइ



धेरै जागिरेहरू अवकाश पछि आराम गर्छन् । तर यहाँका एक शिक्षक ३७ वर्ष शिक्षण पेशामा बिताउँदासमेत थाकेनन् । एकहत्तर वर्षको उमेरमा उत्तिकै जोश जाँगरका साथ उनी सुन्तलाखेतीमा रमाउँदै आएका छन् ।

शिक्षक पेशाबाट अवकाश रहेका बागलुङ नगरपालिका–८ सिगानाका किसान अनन्तबहादुर खड्काले अवकाशपछिको समय सुन्तला खेतीमा लगाएको १० वर्ष भयो । उनले सुन्तलाखेतीबाटै वार्षिक पाँच लाख रूपैयाँ आम्दानी गर्न सफल भएका छन् । शिक्षक, प्रधानाध्यापक हुँदै स्रोत व्यक्तिबाट अवकाशप्राप्त खड्काले मासिक रु ३५ हजार पेन्सन बुझ्दै आएका छन् । आफू अहिले किसानका रूपमा सक्रिय भएको भन्दै कृषिबाट सन्तुष्ट बनेको खड्काले बताए । उनले आठ रोपनी जग्गामा लगाएको सुन्तला यसपटक चितवनका बजार पुगेको छन् ।

विगतका वर्षमा धादिङ र पोखराका बजारमा पुगेका सिगानाको सुन्तला चितवनमा पुगेको हो । दुई सय सुन्तलाको बोटबाट सुन्तला उत्पादन गरिराखेका खड्काले अवकाशपछि आफूलाई सुन्तलाखेती समर्पित गराएको बताए । 'परम्परागत कृषि पेसा पुर्ख्यौली थियो, मैले धान फल्ने खेतमा सुन्तला खेती गरेको हुँ, शिक्षक, प्रधानध्यापक हुँदै स्रोत व्यक्ति बने, ३७ वर्ष लामो जागिरपछि सुन्तलाखेतीमा लागेँ, अहिले उत्पादन गरेको सुन्तला चितवनको व्यापारीलाई पाँच लाखमा रूपैयाँ एकमुष्ट बिक्री गरेँ, गत वर्ष पनि सुन्तला बिक्रीबाट पाँच लाख रूपैयाँ कमाएको हो,' खड्काले भने । चितवनका व्यापारीले सुन्तला बगैंचाबाट नै एकमुष्ट किनेपछि सुन्तला टिप्ने स्थानीय महिलाले समेत रोजगारी पाएका छन् । आगामी वर्ष केही सुन्तलाको रूखले उत्पादन दिन थाल्ने भएपछि सुन्तलाको आम्दानीमा वृद्धि हुने खड्काको भनाइ छ ।

यस पटक चिवनका सुन्तला व्यापारी शिव सापकोटाले सिगानाको सुन्तला आयात गरिरहेका छन् । सिगानाको सुन्तला स्वादिष्ट भएको थाहा पाएपछि सापकोटा सुन्तला खरिदका लागि सिगाना पुगेका हुन् । सुन्तला गाउँका रूपमा परिचित सिगानाका भण्डै एक सय किसानले सुन्तला फलाउँदै आएका छन् । 'चितवनको क्षेत्रपुरमा सिगानाको सुन्तला निर्यात भएको छ, हाम्रो सुन्तला लागिसकेपछि अन्य किसानको समेत सुन्तला चितवन लैजाने व्यापारीको भनाइ छ,' खड्काले भने, 'परम्परागत खेतीभन्दा सुन्तलाखेतीबाट धेरै गुणा राम्रो कमाई गर्न सकिन्छ, सिगानामा मजस्ता धेरै किसान अहिले सुन्तला खेतीमा छन्, सिगानामा सरदर तीन करोड रुपैयाँसम्मको सुन्तला उत्पादन हुने गर्दछ ।' पछिल्लो छ वर्षदेखि खड्काले सुन्तलाबाट लोभलाग्दो आम्दानी गर्दै आएका छन् । खड्कासहित सिगानामा टोपबहादुर खड्का, रामबहादुर खड्कालगायत अन्य किसानले पनि ठूलो परिमाणमा सुन्तला उत्पादन गर्दै आएका छन् ।-रासस

## मासिक डेढ लाख कमाउँछन् हिरालालले



रामेछाप जिल्लामा पहिलो पटक व्यावसायिक अनारखेती गरेर 'अनार बाजे'को नामले चिनिएका हिरालाल आचार्यले मेवा बेचेर मासिक रू एक लाख ५० हजार आम्दानी गर्छन् ।

अनारमा भन्दाबढी मेवामा फाइदा हुने भएपछि आफू मेवाखेतीतर्फ आकर्षित भएको कृषक आचार्यले बताए । रामेछाप नगरपालिका–८ स्थित सुकाजोर खोला विगत २० वर्षदेखि मरुभूमिमा परिणत भएपछि उक्त बगरमा करिब पाँच सय मेवाका बोट लगाइएको उनले बताए । सबै खर्च कटाएर वार्षिक आम्दानी रू १८ लाखसम्म हुने गरेको उनले जानकारी दिए । आचार्यले मेवाखेतीभित्र कागतीसँगै केरा पनि लगाएका छन् । उनका अनुसार कागतीले उत्पादन दिन थालिसकेको छ भने केरा पनि पसाउन लागेको छ । हरियाली समृद्ध कृषक समूहको नामबाट उनले दुई वर्ष अघिदेखि शुरु गरेको मेवाखेतीबाट लाखौं आम्दानी गर्न लागेका हुन् । कृषक आचार्यले भने, 'पाँच किलोको एउटै मेवा फल्ने र एउटा बोटमा एक सय ५० केजीसम्म फल्ने गरेको छ । यसको होलसेल मूल्यमा रू एक सय २० प्रतिकिलो बिक्री हुने गरेको छ ।' एउटै बोटमा उत्पादन भएको मेवाबाट १८ हजारसम्म कमाइ हुने गरेको उनले बताए । बढ्दो वैदेशिक रोजगारीमा जाने युवालाई जाँगर भए स्वदेशमै केही गर्न र विदेशको जति कमाउन सकिन्छ भनेर सन्देश दिन आफूले मेवा खेती गरेको आचार्यको भनाइ थियो । उनले भने, 'अरु रोजगारीका लागि विदेश जान्छन् । म चाहिँ जिल्ला वन कार्यालयको स्थायी जागिर छाडेर कृषिकर्ममा लागेँ । काम गर्दा शरीरमा रोग पनि नलाग्ने र आफूले गरेको मेहनतको फल चाँडै प्राप्त हुने भएकाले आफू यस प्रकारका फलफूल खेतीतर्फ लागेको हुँ ।' आफूजस्ता कृषकलाई राज्यले पनि विशेष सहयोग तथा अनुदान दिनुपर्नेमा आचार्यले जोड दिए । नमूनाका रुपमा युवालाई यस्ता फार्मको अवलोकन गराएर आफ्ना अनुभवन साटासाट गर्न सकिने उनले बताए । -रासस

## किसान आकर्षित नहुँदा मासिदै जौँ खेती



रुकुमपूर्वमा दशक अघिसम्म प्रशस्त मात्रामा गरिने जौँखेती हराउँदै गएको छ । कुनै समय जिल्लाको प्रमुख बाली भित्र पर्ने सो खेतीप्रति किसान आकर्षित नहुँदा पछिल्लो समय बिरलै मात्रामा देखिने गरेको छ । अहिले पूजा आजामा आवश्यक पर्ने जौँसमेत जिल्लामा उत्पादन हुन छाडेको छ ।

पाँच/छ वर्ष अघिसम्म यही समयमा पुथा उत्तरगङ्गा गाउँपालिका–१ मैकोटमा सबैका बारीमा जौँ उम्रिएर हरियाली देखिन्थ्यो । अहिले ती सबै खेतबारी खाली छन् । स्थानीय वीरेन्द्र बुढाले ती खेतबारी अहिले घोडा/खच्चड, भेडाबाखा बथानको चरिचरन गर्ने क्षेत्र बनेका बताए । मकै भित्र्याएपछि खाली भएका ती बारी अब अर्को याममा मकै नरोप्दासम्म खाली नै रहने गरेको उनले बताए । उनले भने,' पहिले सबैले बारीमा जौँखेती हुने गर्दथ्यो, पछि विस्तारै मानिसले जौँखेती गर्न छाड्दै गए ।' मैकोटका सबैले मकै भित्र्याएपछि खेतबारी बाँझै राखेर एक यामभरि वस्तुभाउको चरिचरन गर्ने क्षेत्र बनाउने गरेका छन् । जौँखेती गर्दै आएका मैकोटका चामबहादुर कामीले पछिल्लो समय आफूले जौँखेती नगरेको जानकारी दिए । 'पहिले जौँ उत्पादन हुँदा त्यसैको सातु, ढिडो बनाएर खाने गरिन्थ्यो', उनले भने, 'जौँबाट बनेका परिकार खानलाई पनि मीठो र स्वास्थ्यका लागि पनि निकै राम्रो हुन्थ्यो ।' वस्तु भाउलाई दानाका रूपमा पनि जौँ प्रयोग गरिन्थ्यो । अहिले भने आफूलाई आवश्यक पर्दा चाहिने जौँसमेत उत्पादन हुन छाडेको उनको भनाइ छ । मैकोटमा छाडा पशुचौपायाबाट बाली जोगाउन गाह्रो हुने र जौँ भित्र्याउने बेलामा स्थानीय यार्सा सङ्कलन गर्न जाने हुँदा पछिल्लो समयमा जौँखेती हराउँदै गएको मैकोटका अर्का स्थानीय विकास पुनले बताए । यस्तै भूमे गाउँपालिकाको पनि थोरै ठाउँमा मात्र जौँखेती गरिँदै आइएको छ । सिस्ने गाउँपालिकाको पनि केही ठाउँमा मात्र जौँखेती हुने गरेको छ । एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयका कृषि अधिकृत मानिसले भात रुचाउने र जौँबाट बनेका परिकार मन नपराउने हुँदा जौँखेती गर्न छाड्दै जान थालेको थलराज बस्नेतले बताए । उनले भने 'विगतका तुलनामा जौँखेती मात्र नभई रैथाने बालीहरू लोप हुँदै गएका छन् ।' -रासस

## १६८ मुरी धान फलाएका बम्जन दम्पती पुरस्कृत



पाँचवटा खेतमा फलेको एक सय ६८ मुरी धान जोख्ने काम सकिएपछि पाँचथरको फाल्गुनन्द गाउँपालिका–१ लाक्सिबुङका मकरबहादुर बम्जनको घरमा बुधबार स्थानीयवासी, जनप्रतिनिधि र कर्मचारीको घुइँचो थियो ।

गलामा माला लगाएका मकरबहादुर अतिथिको सत्कारमै व्यस्त थिए । सबैलाई 'एकछिन बस्न र चिया खाएर जान' आग्रह गर्दैमा मकरबहादुरको समय बितिरहेको थियो । भान्सामा चिया र नास्ता पाक्दै थियो । मकरबहादुरको घरको आँगनमा मकैको थाङ्ग्रो पनि बडेमानकै थियो । घर वरिपरि कोदो टन्न फलेको थियो । टिप्ने समय बित्नै लागेको छ । फाल्गुनन्द–१ का वडाध्यक्ष होमप्रसाद आङदेम्बेसहित जनप्रतिनिधि र कर्मचारी सिकुवाको डिलमा बसेर ५६ वर्षीय मकरबहादुर र उनकी श्रीमती ६० वर्षीया टीकामायाको मेहनतको प्रशंसा गरिरहेका थिए । फाल्गुनन्द गाउँपालिकाले खाद्यबालीको उत्पादन बढाउन ५० मुरीभन्दा बढी धान फलाउने किसानलाई रु ३० हजार र एक सय मुरी भन्दा बढी धान फलाउने किसानलाई रु ५० हजारबाट पुरस्कृत गर्ने घोषणा गरेको थियो । उक्त घोषणापछि मकरबहादुर गाउँपालिकाको कार्यालय पुगेका थिए । उनले आफूले एक सय मुरीभन्दा बढी धान फलाएको गाउँपालिका कार्यालयमा दाबी गरे । मकरबहादुरको दाबीपछि जनप्रतिनिधि र कर्मचारी उनको घर पुगेका थिए । मकरबहादुरले निबु खोलाको बेंसी र घर छेउको पाखाबारीमा फलाएको धान एक सय ६८ मुरी प्रमाणित भएपछि औधी खुशी भए । मकरबहादुर दम्पतीले फाल्गुनन्द–७ को सिस्ने, काञ्रेती, घरमुनी, करमबोटे र खोल्साछेउ गरी पाँचवटा खेतमा तीन मुरी चार पाथी बीउ रोपेका थिए । उक्त बीउबाट फलेको मध्ये ३० मुरी धान उनले यस अघि नै बिक्री गरिसकेको बताए । त्यसैले उनले फलाएको धान एक सय ६८ मुरी मात्र गणना भयो । फाल्गुनन्द गाउँपालिकाको प्रशासन शाखाका प्रमुख निर्मल अधिकारीका अनुसार बम्जन परिवारले फाल्गुनन्दमा सबै भन्दा बढी धान फलाएको प्रमाणित भएको छ । मकरबहादुरले फाल्गुनन्दका इन्द्रनारायण आङदेम्बे, कालीदास चेम्जोङ, कर्ण चेम्जोङ, पञ्चबहादुर चेम्जोङ र भीमबहादुर आङदेम्बेको खेतमा खेती लगाउने गरेको बताए । गत मङ्सिर ७ गते ३० मुरी धान बिक्री गरिसकेपछि मात्रै धेरै धान फलाउनेलाई पुरस्कृत गर्न लागिएको थाहा पाएका थियो । 'वडाध्यक्षले खबर गरेपछि गत मङ्सिर १३ गते गाउँपालिकामा गएर एक सय ८५ मुरी धान फलाएको जानकारी गराएको थिएँ", मकरबहादुरले भने । विगतमा अन्नको अभावमा पाएको दुःख सम्भेर धान फलाउन कम्मर कसेर लागेको उनको भनाइ छ । 'विसं २०५६ मा म सगोलको परिवारबाट छुट्टिँदा निकै दुःख पाएँ, दुई पाथी धान लुकाएँ । त्यतिबेला मेरो पाँचजनाको परिवार थियो', उनले भने,'मेरो नाममा दुई रोपनी जग्गा छ । यसको उब्जनीले नपुगेपछि पाँचजनाको जग्गामा खेती गर्दै आएका छौं । ३० मुरीभन्दा कम धान फल्ने कुनै खेत छैन ।' मकरबहादुरले ती खेत बन्धकी, कुत र अधियाँमा लिएका थिए । उनले मकैका लागि पाखो बारी अधियाँमा लिएको बताए । किसानलाई प्रोत्साहन गर्न पुरस्कृत गर्ने गाउँपालिकाको सूचना पाएपछि मकरबहादुरले धानका खलाखलामै कर्मचारीलाई बोलाएको थियो । तर सबै धान भेला पारेर जोख्न मन लागेपछि घर छेउको खेतको खलामा सबै धान जम्मा गरे । 'धान जम्मा गर्न रु सात हजार खर्च भयो । धान भार्ने पनि पराल दाइँ गर्न भ्याएकै छैन', उनले भने । बम्जन दम्पतीका तीन छोरा भापाको दमकमा बसोबास गर्छन् भने तीन छोरी विवाह गरेर गइसकेका छन् । तर धान फलाउन बम्जन दम्पतीले छरछिमेकीको साथ पाइरेहेका छन् । 'दुःख नभई सुख हुँदैन रहेछ । साथीभाइले मैले भनेको टार्दैनन्, नाइँ भन्दैनन्', मकरबहादुरले भने । विसं २०६० देखि धान खेतीमा लागिपरेको उनले बताए । पाखा खेतमा पानीको समस्या भए पनि निबु खोलाको बेंसीमा समस्या नरहेको उनले बताए । मकरबहादुर गाउँपालिकाले रु ५० हजार पुरस्कार दिएपछि ठूलो भैंसी किन्ने सोचमा छन् । 'गाउँपालिकाले दिएको रकमले एउटा माउ भैंसी किन्ने योजना छ', उनले भने । बम्जन दम्पतीले लामो समयदेखि वर्षेनि एक सय मुरीभन्दा बढी धान फलाउँदै आएको स्थानीयवासीको भनाइ छ ।-रासस


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
पाल्पा, तानसेन

**तालिम प्रदायक संस्था सूचिकरण गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०।०९।०८**

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमको व्यवसायिक तथा सीपमूलक तालिम 'व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि,२०८०' को दफा १४(१)'ग' को व्यवस्था बमोजिम दर्तावाल तालिम प्रदायक संस्थासँग परामर्श सेवा खरिद (आउटसोर्सिङ्ग) मार्फत सञ्चालन गर्नुपर्ने भएकाले पाल्पा जिल्ला भित्रका स्थानीय तहहरुमा उल्लेखित तालिम सञ्चालन गर्न सक्ने तालिम प्रदायक संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा सूचिकरणको लागि यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | तालिमको विवरण | तालिम अवधि |
|---|---|---|
| १. | Dhaka Weaver Training ४५४ घण्टे | ४५४ घण्टा (सीप परिक्षण समेत) |

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु :**
(क) फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (फर्म नविकरण भएको/कम्पनी अध्यावधिक भएको प्रमाण समेत)
(ख) स्थायी लेखा नं र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
(ग) प्राविधिक शिक्षा वा व्यवसायिक तालिम परिषदबाट सीप विकास तालिम सञ्चालनका लागि प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपी ।
**नोट :** सूचिकरणमा नाम समावेश भएका संस्थाहरुसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी सारभूत रुपमा प्रभावग्राही संस्था छनौट गरी उक्त संस्था मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।
उल्लेखित कार्यक्रमको सञ्चालन विधि, तालिम सम्बन्धि अन्य मापदण्ड 'व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि,२०८०' बमोजिम हुनेछ जुन मन्त्रालयको वेवसाइट **www.moletm.lumbini.gov.np** बाट प्राप्त गर्न सकिनेछ । (थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे)को मो.नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ ।)

*उद्योग अधिकृत*
*घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा*

# पाल्पामा महिलाको पाठेघर र स्तन क्यान्सरको शिविर




**कृष्ण पोखरेल**

**पाल्पा,** पुस ७/पाल्पा लायन्स क्लवको आयोजना, नेपाल अष्ट्रेलियन राजदुतावास, नेपाल अष्ट्रेलियन सर्भाइकल क्यान्सर फाउण्डेसनको सहयोगमा पाल्पाको तानसेन र रामपुरको जब्गादीमा एक दिने नि:शुल्क महिलाको पाठेघर मुख र स्तन क्यान्सरको शिविर सञ्चालन गरिएको छ ।

तानसेनमा भएको शिविरको तानसेन नगरपालिका वडा नं ३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले शुभारम्भ गरेका थिए । रामपुर नगरपालिका वडा नं ९ जब्गादीको स्वास्थ्य चौकीमा यही शुक्रबार र तानसेन नगरपालिका वडा नं ३ भगवती मन्दिर परिसरमा शनिवार भएको हो । तानसेन भगवती मन्दिर परिसरमा भएको शिविरमा १ सय ८० जना महिलाको चेकजाँच भएकोमा १४ जना महिलामा पोजेटिभ, ४० जना महिलामा इन्फेक्सन देखिएको पाल्पा लायन्स क्लवकी अध्यक्ष कमला शर्माले बताईन ।

रामपुरको जब्गादीको शिविरमा ९९ महिलाले चेकजाँच गरेकोमा ३ जना मात्र पोजेटिभ देखिएका थिए । यो अवस्थामा गाउँमा भन्दा शहर बजारमा सक्रमण तथा पोजेटिभको दर उच्च रहेको शिविर संयोजक समिरमान सिंहले बताए । आगामी दिनमा यस्ता किसिमका स्वास्थ्य शिविर सञ्चालन गर्दै जाने कार्यक्रम संयोजक सिंहले बताए । शिविरमा विशेषज्ञ चिकित्सक प्रमेश्वरी श्रेष्ठको समुहले सुरक्षित र व्यस्थित परीक्षण गरेको, पोजेटिभ देखिएका महिलाहरुमा तत्काल अत्याधुनिक मेसिनबाट उपचार गरी भविष्यमा हुने क्यान्सरको जोखिम हटाएको नेपाल अष्ट्रेलियन सर्भाइकल क्यान्सर फाउण्डेसनकी कार्यक्रम संयोजक अमला मानन्धरले बताईन । शिविरमा आएका विरामीहरुलाई आवश्यकताको आधारमा औषधी समेत वितरण गरिएको थियो । समयमै पाठेघर मुख र स्तन क्यान्सको जाँच गरेका १५ देखी २० वर्ष पछी क्यान्सर हुने सम्भावना लाई रोक्न सकिने पाल्पा लायन्स क्लवले जनाएको छ । शिविरमा तानसेनमा १ सय ५० जना र रामपुरमा १ सय १० जना व्यक्तिहरुमा मधुमेहको समेत नि:शुल्क परिक्षण गरिएको थियो ।

## खेलकुद समाचार

# महिला टी-२० क्रिकेट माघको दोस्रो साता



**काठमाडौं,** पुस ७/नेपाली काँग्रेसको भ्रातृ संस्था नेपाल लोकतान्त्रिक खेलकुद संघले मैयादेवी श्रेष्ठको स्मृतिमा अन्तर प्रदेश राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ । नेपाली काँग्रेसकी पूर्वमाननीय तथा प्रजातन्त्र सेनानी, दानवीरंगना स्वं श्रेष्ठको स्मृतिमा आयोजना हुने प्रतियोगिता चितवनको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा आयोजना हुनेछ ।

प्रतियोगितामा सातवटै प्रदेशबाट गरी १०० बढी यु-१९ महिला खेलाडीको सहभागिता रहने महासचिव सुवोध प्रधानले बताए । प्रतियोगिता माघको १५ गतेदेखि २७ गतेसम्म आयोजना हुनेछ । सन् २०२४ मा नेपालमा हुनगइरहेको विश्वकपको एसिया कप छनोटलाई समेत मध्यनजर गर्दै खेलाडीको प्रतिभा मूल्यांकनमा समेत यो प्रतियोगिता कोशेढुंगा सावित हुने लोकतान्त्रिक खेलकुद संघले विश्वास लिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# उखु किसानलाई अनुदानबापत ८० करोड भुक्तानी



**काठमाडौं,** पुस ७/कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उखु किसानलाई अनुदानबापत ८० करोड रुपैयाँ भुक्तानी दिएको छ । गत आर्थिक वर्ष २०७९/८० मा किसानलाई भुक्तानी गर्नुपर्ने एक अर्ब ३२ करोड रुपैयाँमध्ये चालु आर्थिक वर्षमा सो रकम भुक्तानी गरिएको हो ।

अब सम्बन्धित जिल्लामा निकासा गरेपछि त्यहाँका किसानले उपलब्ध गराएको विवरणका आधारमा किसानको खातामा रकम भुक्तानी हुने मन्त्रालयका सहसचिव एवं प्रवक्ता शवनम सिवाकोटीले जानकारी दिइन् । सरकारले उखु किसानको संरक्षण र कृषि व्यवसाय प्रवर्द्धन गर्न हरेक वर्ष उखुको न्यूनतम खरिद मूल्य तोक्दै आएको छ भने त्यसमा थप अनुदान दिने व्यवस्था गरेको छ । चालु आर्थिक वर्षका लागि उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल पाँच सय ६५ रुपैयाँ र नेपाल सरकारले प्रदान गर्ने अनुदान रकम प्रतिक्विन्टल ७० रुपैयाँ निर्धारण गरिएको छ । विभिन्न उखु उत्पादन हुने जिल्लाका किसानबाट लिइएको उत्पादन लागत विवरण तथा छिमेकी देशमा तोकिएको खरिद मूल्यलाई समेत विश्लेषण गरी तयार गरिएको प्रतिवेदनका आधारमा कृषि विभागले मूल्य निर्धारणका लागि प्रस्ताव गरेको थियो । त्यही अनुसार मन्त्रिपरिषद्ले निर्णय गरेपछि यो मूल्य लागू भइसकेको छ ।

# साहित्य प्रतिष्ठानको वार्षिक दिवस : प्रतिभा सम्मान र छात्रवृत्ति वितरण



**पाल्पा,** पुस ७/शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाले प्रतिष्ठान स्थापनाको १८ औं वार्षिक दिवस र ९५ औं कुलमणि देवकोटा जन्म जयन्ती मनाएको छ । प्रतिष्ठानले शनिबार तानसेनमा प्रतिभा सम्मान पुरस्कार समर्पण एवं छात्रवृत्ति वितरण कार्यक्रम गरी वार्षिक दिवस र देवकोटा जन्म जयन्ती मनाएको हो ।

कार्यक्रममा शिक्षा, स्वास्थ्य र साहित्यको क्षेत्रमा योगदान पुऱ्याएका विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको छ । प्रतिष्ठानले कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कारबाट साहित्यकार गंगानाथ कोइराला, लक्ष्मी प्रीय जगतबहादुर स्मृति पुरस्कारबाट साहित्यकार धर्मी शाक्य, जगत कुलमणि कविन्द्र त्रिनक्षेत्र पुरस्कारबाट कवयित्री नैना नेपाल ढकाल, विमला रेग्मी स्वास्थ्य सेवा पुरस्कारबाट नानू हमाल, इन्द्रलाल भारती शिक्षा सेवा सम्मानबाट देवेन्द्रमान शाक्य, शक्तिराज रेग्मी सञ्चार सेवा सम्मानबाट लक्ष्मण खड्का, राधा बद्री अम्बिका स्वयंसेवा सम्मानबाट सुशीलप्रसाद प्रधान,बालहरि स्मृति स्वास्थ्य सेवा सम्मानबाट शिखा पहारी, दीनानाना साहित्य सेवा सम्मानबाट धातानन्द शर्मा र तुलठगी शैक्षिक प्रतिभा पुरस्कारबाट कामना रानालाई पुरस्कृत एवं सम्मान गरेको हो । यस्तै प्रतिष्ठानले विभिन्न विद्यार्थीहरुलाई छात्रवृति पजि वितरण गरेको छ । उसले भैरव बहुमुखी क्याम्पस, तानसेन बहुमुखी क्याम्पस, त्रिभुवन बहुमुखी क्याम्पस, प. प.न.मा.वि., सेन मा.वि.र कालिका मा.विमा अध्ययनरत १३ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो । जसमा ७ जना विद्यार्थीले प्रतिष्ठानका संरक्षक डा. प्रकाश राज रेग्मीद्वारा स्थापित विमला कमल शैक्षिक छात्रवृत्ति, ५ जनाले ज्योति रेग्मी अधिकारीद्वारा स्थापित ज्ञानज्योति शैक्षिक छात्रवृत्ति र १ जनाले खुमानन्द/मनोहर/रोहित ज्ञवालीद्वारा स्थापित माता दीनकुमारी छात्रवृत्ति प्राप्त गरेका छन् । छात्रवृत्ति रकम १० हजार, ३ हजार र २ हजार ५ सय रहेका छन् ।

अक्षयकोषदाता बाबुराम कार्कीबाट ५ हजार र त्रिलोचन पौड्यालबाट १० हजार अक्षयकोषमा थप, नैना नेपाल ढकालबाट ५ हजार छात्रवृत्तिको लागि शालिकराम/शिखा पहारीबाट १० हजार प्रतिष्ठानलाई प्रदान गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि शिक्षाविद समाजसेवी बुद्धिप्रसाद शर्माले सम्मानित र पुरस्कृत व्यक्तित्वहरुलाई प्रमाण पत्र र नगद प्रदान गरेका थिए । उनले पाल्पामा साहित्यको जागरण ल्याउन, स्वास्थ्य सचेतना जगाउनुका साथै शिक्षा क्षेत्रमा समेत अभिप्रेरणा प्रदान गर्ने कार्यमा प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेलेको बताए । उनले स्वास्थ्यको क्षेत्रमा संरक्षक डा. प्रकाश राज रेग्मी र साहित्यको क्षेत्रमा संस्थापक अध्यक्ष पुष्कर अथक रेग्मीले गरेको योगदान स्मरणीय रहेको समेत धारणा व्यक्त गरे । कार्यक्रममा विशिष्ट अतिथिद्वय मिसन अस्पतालका निर्देशक डा. रचेल कारख र शिक्षाविद् छत्रराज शाक्य, पत्रकार महासंघका उपाध्यक्ष भरत शर्मा, शैक्षिक तथा सामाजिक व्यक्तित्व त्रिलोचन पौड्याल, कृष्णप्रसाद कोइराला, नैना नेपाल ढकाल, गंगानाथ कोइराला लगातले आफ्ना धारणा राखेका थिए । अध्यक्ष पुष्कर अथक रेग्मीले प्रतिष्ठानको इतिहासदेखि बर्तमानलाई समेटदै सहयोगी मनहरू सबैलाई धन्यवाद दिए । कार्यक्रममा महासचिव चन्द्रकान्त न्यौपानेले वार्षिक गतिविधि र सदस्य गम्भीरजंग रायमाझीले ७ लाख २९ हजार ८ सय ५१ बराबरको आयव्यय प्रस्तुत गरेका थिए । प्रतिष्ठानका सदस्य भोजराज भट्टराईले पुरस्कृत एवं सम्मानित व्यक्तित्वहरूको बारेमा चर्चा गरेका थिए । अध्यक्ष रेग्मीको अध्यक्षता, उपाध्यक्ष रोहित प्रसाद ज्ञवालीको स्वागत, महासचिव चन्द्र कान्त न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न
- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, ह्दय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं
जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई